## हेटौडा नगरपालिका
## र्सार्वजनिक-निजी साझेदारी कार्यविधि निर्देशिका
## २०६३

## परिच्छेद -१ प्रारम्भिक

### १ पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन -संसोधन सहित)नियमावली, २०५६, स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६, र्सार्वजनिक-निजी साझेदारी नीति -स्थानीय निकायको लागि) २०६० र र्सार्वजनिक-निजी साझेदारी निर्देशिका -स्थानीय निकायको लागि) २०६१ बमोजिम हेटौडा नगरपालिकामा र्सार्वजनिक-निजी साझेदारी अवधारणाको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ बमोजिम "हेटौडा नगरपालिका र्सार्वजनिक-निजी साझेदारी कार्यविधि निर्देशिका २०६३" जारी गरी लागू गरिएको छ ।

### २ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि निर्देशिकामा,

क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६ लाई सम्झनु पर्दछ ।

-ग) "र्सार्वजनिक निजी क्षेत्र साझेदारी प्रबर्द्धन समिति" भन्नाले नियमावलीको नियम २७३ क. बमोजिम हेटौडा नगरपालिकावाट गठित र्सार्वजनिक-निजी क्षेत्र साझेदारी प्रवर्द्धन समितिलाई सम्झनु पर्दछ । जसलाई छोटकरीमा साझेदारी प्रवर्दन समिति भनिनेछ ।

-घ) "र्सार्वजनिक-निजी साझेदारी सेल" भन्नाले हेटौडा नगरपालिकामा रहेको र्सार्वजनिक-निजी साझेदारी सेल सम्झनु पर्दछ । यसलाई छोटकरीमा सा.नि.सा. सेल भनिनेछ ।

-ङ) "उप समिति" भन्नाले यस कार्यविधि निर्देशिका कार्यान्वयन गर्न साझेदारी प्रवर्दन समितिले आवश्यकता अनुसार गठन गरेको उप समितिलाई सम्झनु पर्दछ ।

-च) "लगानी" भन्नाले साझेदारहरुले परियोजनामा लगानी गर्न प्रस्ताव गरेको वा यस किसिमको परियोजनामा भएको कूल पूँजीगत खर्चलाई सम्झनु पर्दछ ।

-छ) "सेवा शुल्क" भन्नाले यस निर्देशिका बमोजिम साझेदारले सेवा सुविधा उपलब्ध गराए वापत सेवाग्राहीसँग संझौता अनुसार लिन पाउने सेवा शुल्कलाई सम्झनु पर्दछ ।

-ज) "परियोजना" भन्नाले स्थानीय पुर्वाधार निर्माण, विकास, सञ्चालन र व्यवस्थापन तथा स्थानीय सेवा तथा सुविधाहरुको व्यवस्थापन गर्न यस निर्देशिका बमोजिम कार्यान्वयन गरिने परियोजनाहरूलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२ साझेदारीको अवसर पहिचान

### ३ संभावित परियोजनाको सुची तयार

१)	नगरपालिकाका प्रत्येक शाखाले नगरपालिकाको आवधिक र वार्षिक योजना तर्जुमा गर्ने क्रममा आफू अन्तर्गत के कस्ता परियोजना सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन/व्यवस्थापन गर्न सकिन्छ त्यसको सूची सा.नि.सा. एकाइमा पठाउनु पर्नेछ । यसरी सूची तयार गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९३, ९६ र १४५ तथा सार्वजनिक-निजी साझेदारी निर्देशिका -स्थानीय निकायको लागि), २०६१ को दफा ३ बमोजिमका कार्यहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

-२)	कसैले कुनै परियोजना नगरपालिकासँग साझेदारी अन्तर्गत सञ्चालन गर्न चाहेमा सा.नि.सा. प्रवर्दन समितिको सचिवालयमा प्रस्ताव/निवेदन पेश गर्न सक्नेछ । यस उपदफाको प्रयोजनका लागि सा.नि.सा.इकाईले सामान्यतः अनुसूची १ बमोजिमको सार्वजनिक सूचना समेत प्रकाशित गर्न सक्नेछ । तर उक्त सूचनाको प्रकाशन अनिवार्य मानिने छैन ।

३)	उपदफा १) र २) बमोजिम प्राप्त सबै सूचीका सम्बन्धमा सा.नि.सा.सेल र सा.नि.सा.इकाईको संयुक्त बैठकबाट आवश्यक भए परिमार्जन वा थपघट गर्नु पर्नेछ ।

४)	उपदफा ३) बमोजिमको बैठक कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृतको अध्यक्षतामा बस्नु पर्नेछ ।

५)	उपदफा ३) बमोजिम परिमार्जित सूची अन्तर्गतका परियोजनाहरूमध्ये कुन-कुन शाखा अन्तर्गत के के परियोजनाहरू सञ्चालन गर्ने भन्ने निर्धारण गर्नु पर्नेछ ।

## ४	प्राथमिकीकरण

१)	दफा ३ र ५) बमोजिम प्राप्त सूचीलाई सा.नि.सा.इकाईले सम्बद्ध सरोकारवालाहरुसँग छलफल गरी उनीहरुको सुझाव र प्रतिबद्धता समेतलाई ध्यानमा राखी परियोजनाको प्राथमिकीकरण गर्नु पर्नेछ । त्यसरी परियोजना तथा कार्यक्रम प्राथमिकीकरण गर्दा देहायका विषयमा आधारभूत विवरण तयार गर्नु पर्नेछ ।

क)	परियोजनाको नाम
ख)	परियोजनाको उद्धेश्य
ग)	सञ्चालन हुने क्षेत्र र लाभान्वित हुने जनसङ्ख्या
घ)	लक्षित वर्ग
ङ)	प्राप्त हुने भौतिक वा अभौतिक लाभहरु
च)	प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरु
छ)	वेफाइदा वा नकारात्मक प्रभावहरु
ज)	साझेदार र साझेदारीको प्रकार तथा साझेदारका योगदानहरु
झ)	नगरपालिकाका दायित्वहरु
ञ)	लगानी, प्रतिफल र जोखीम
ट)	आवश्यक देखिएका अन्य कुराहरु

दृष्टब्यः
सरोकारवालाहरु भन्नाले सम्बन्धित परियोजनाबाट लाभ प्राप्त गर्ने पक्ष, परियोजनाबाट हानी वा नकारात्मक प्रभाव पर्न जाने पक्ष र परियोजनासँग सम्बन्धित विषयगत क्षेत्रमा क्रियाशिल संघ, संस्था वा व्यक्तिहरुलाई जनाउनेछ ।

२)	उपदफा -१) बमाजिम परियोजनाको प्राथमिकीकरण गर्दा देहाय बमोजिम दई वर्गमा विभाजन गरी छुट्टाछुट्टै प्राथमिकीकरण गर्नु पर्नेछः
क)	परियोजना संचालनका लागि नगरपालिकाले नियमित ब्ययभार वहन गर्नु पर्ने
ख)	परियोजना संचालनका लागि नगरपालिकाले नियमित ब्ययभार वहन गर्नु नपर्ने

दृष्टब्यः
नगरपालिकाको खर्च हुने परियोजना भन्नाले सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य, गरिबी निवारण, वातावरण संरक्षण, जाति, भाषा, धर्म संस्कृति, कला, साहित्य, इतिहास, पुरातत्व, सम्पदा आदिको संरक्षण र विकास तथा प्रशासनिक र कानुनी सेवाको दृष्टिले वा यस्तै अन्य प्रकारले नगरपालिकाले कानूनतः सञ्चालन गर्नु पर्ने परियोजना भन्ने संझनु पर्दछ ।

३) उपदफा -१) बमोजिम गरिने छलफल कार्यक्रम सा.नि.सा.इकाईले आवश्यकता हेरी एकै पटक वा पटक-पटक र सामुहिक वा परियोजना अनुसार छुट्टाछुट्टै गर्न गर्न सक्नेछ ।
४) सरोकारवालाहरुसँगको छलफल समेतका आधारमा प्राथमिकीकरण भएको परियोजनाको सूचीलाई सा.नि.सा.इकाईले सा.नि. सा. सेलमा आवश्यक छलफलको लागि पेश गर्नु पर्नेछ ।

## ५ साझेदारी प्रर्वदधन समितिमा छलफल र छनौट

-१) सर्म्पर्कब्यक्ति दफा ४-४) बमोजिम सा. नि. सा. सेल समेतको वैठकवाट स्वीकृत परियोजनाको सूची साझेदारी प्रवर्दन समितिमा छलफलका लागि प्रस्तुत गर्नु पर्नेछ ।
२) उपदफा -१) बमोजिम हुने बैठकले आवश्यक ठानेमा प्राप्त सूचीमा परिमार्जन र थपघट गरी साझेदारीका लागि उत्कृष्ट परियोजनाको छनौट गर्नु पर्नेछ ।
३) उपदफा -२) बमोजिम छनौट भएका परियोजनाहरुको विस्तृत विवरण तयारीको कार्य सा.नि.सा. एकाइले गर्नेछ ।

परिच्छेद -३ साझेदारीको विस्तृत विवरण तयार र योजनामा समावेश

## ६ विवरण तयारी प्रकृया

१) दफा ५-३) बमोजिम छनौट भएका परियोजनाको सूची प्राप्त भएपछि सा.नि.सा. सेल र सा.नि.सा. एकाइको संयुक्त बैठकवाट के कस्तो किसिमको विवरण तयार गर्नु पर्ने हो एकिन गरी सो बमोजिमको कार्य गर्नु पर्नेछ ।
-२) उपदफा -१) बमोजिम तयार गरिनु पर्ने विस्तृत विवरणमा निम्न मध्ये कुनै वा सबै समावेश हुन सक्नेछन् ।
- क) वस्तुस्थिति विश्लेषण (Situation Analysis)
- ख) सामाजिक-आर्थिक विश्लेषण (Socio-Ecnomic Analysis)
- ग) वित्तीय विश्लेषण (Finincila Analysis)
- घ) प्राविधिक विश्लेषण (Technical Analysis)
- ङ) संभाव्यता अध्ययन (Feasibility Study)

च) प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environment Examination IEE) वातावरणीय प्रभाव मुल्यांकन (Environmental Impact Assessment EIA)
छ) यस्तै प्रकृतिका अन्य अध्ययन वा विश्लेषणहरु

३) परियोजनाको विस्तृत विवरणमा सामान्यतः निम्न पक्षहरुमा सुझाव प्रस्तुत गरिएको हुनु पर्नेछ ।
क) साझेदारी गर्दा र नगर्दा वीचको भिन्नताको पहिचान -अल्पकालीन तथा दिर्घकालिन विश्लेषण),
- ख) साझेदारीको स्वरुप -ढाँचा) वा प्रकारको किटान,
- ग) साझेदार र सेवाग्राहीहरुको हित संरक्षण गर्ने उपायहरुको पहिचान,
- घ) समीक्षा र समायोजनका प्रकृयाहरुको खाका तयार,

ङ)  संझौताका आधारभूत रुपरेखा, -मुख्य-मुख्य शर्त वन्देजहरु, समयावधि, लगानी, सेवा शुल्क निर्धारण इत्यादी),

च)  जोखिम व्यवस्थापनका उपायहरु,

छ)  परियोजनाको प्रकृतिअनुसार आवश्यक अन्य पक्षहरु ।

४)  परियोजनाको विस्तृत विवरण तयार गर्न वाह्य परामर्श सेवा लिनु परेमा स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७२ बमोजिम परामर्श सेवा प्राप्त गर्न सकिनेछ ।

-५)  उपदफा -४) वमोजिम परामर्शदाता छनौट गर्ने प्रकृया सा.नि.सा.इकाईले ै अगाडि बढाउनु पर्नेछ ।

-६)  परामर्शदाताको छनौटका लागि तयार पार्नु पर्ने सार्वजनिक सूचना, कार्य विवरण (Terms of References र छनौटका आधारहरू सामान्यतः अनुसूची २ को क, ख र ग बमोजिम हुनु पर्नेछ ।

-७)  अन्य निकाय वा संस्थाले निःशुल्क परामर्श सेवा उपलब्ध गराउने भएमा वा अन्य निकाय वा संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा परामर्श सेवा प्राप्त गर्न सकिने अवस्था भएमा स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७२ बमोजिमको प्रकृया अवलम्बन गर्नु पर्नेछैन ।

-८)  छनौट भएको परामर्शदातालाई काम लगाउने वा परामर्शदाता छनौट नभएको अवस्थामा परियोजनाको विस्तृत विवरण तयार गर्ने कार्य सा.नि.सा.इकाईले गर्नु पर्नेछ ।

## ७  परियोजनाको छनौट

-१)  साझेदारीमा परियोजना सञ्चालन गर्दा तुलनात्मक रुपले पहिलेको भन्दा राम्रो वा लाभदायक ९द्यभलभाष्अष्ब तिजबल भहष्कतष्लन कष्तगबतष्यल० अथवा नगरपालिका आफैले सञ्चालन गरेको अवस्था भन्दा साझेदारीअन्तर्गत सञ्चालन गर्दाको अवस्थामा लागत प्रभावकारी र लाभदायक देखिएका परियोजनाको सूचीसहित सा.नि.सा. एकाइले प्रवर्दन समितिमा पेश गर्नु पर्नेछ ।

-२)  उपदफा -१) बमोजिम प्राप्त परियोजनाका सम्बन्धमा छलफल गरी कार्यान्वयनका लागि साझेदारी प्रर्वदधन समितिले नगरपालिका बोर्डसमक्ष सिफारिस गर्नु पर्नेछ ।

३)  सिफारिस गर्नु पुर्व साझेदारी प्रवर्दन समितिले सार्वजनिक सुनवाई वा आफूलाई उचित लागेको अन्य कुनै कार्यहरु गर्न सक्नेछ ।

४)  उपदफा ३) बमोजिम हुने कार्यको आयोजना सा.नि.सा. एकाइले गर्नु पर्नेछ ।

## ८  सार्वजनिक सुनुवाई

१)  सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्नु परेमा सा.नि.सा. एकाइले अनुसूची ३ बमोजिमको सूचना सरोकारवालाहरुले जानकारी पाउने गरी सार्वजनिक स्थलहरुमा टाँस गर्ने तथा सञ्चारका माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

२)  सार्वजनिक सुनुवाई सरोकारवालाहरुलाई पायक पर्ने ठाउँमा आयोजना गर्नु पर्नेछ ।

३)  सार्वजनिक सुनुवाई कार्यक्रममा सम्बन्धित साझेदाररशाखाले आफूले कार्यान्वयन गर्न लागेको साझेदारी परियोजनाबारे प्रस्तुती गर्नु पर्नेछ ।

४)  कार्यक्रमका सहभागीहरुको जिज्ञासाको समाधान गर्ने र उनीहरुको सुझाव र प्रतिवद्धताको टिपोट गर्नु पर्नेछ ।

५)  सरोकारवालाहरुबाट प्राप्त सुझाव र उनीहरुको प्रतिवद्धतासम्बन्धी जानकारी साझेदारी प्रवर्दन समितिलाई सा.नि.सा. एकाइले गराउनु पर्नेछ ।

६)	उपदफा -५) बमोजिम प्राप्त जानकारीलाई समावेश गरी प्रस्तावित परियोजनालाई परिमार्जन गर्न उचित भए सोसम्बन्धी निर्णय साझेदारी प्रवर्दन समितिले गर्नु पर्नेछ ।
७)	उपदफा -६) बमोजिम महत्वपुर्ण परिमार्जन गर्नु पर्ने भए सा.नि.सा. एकाइले साझेदारी प्रवर्दन समितिको निर्णयको जानकारी सम्बन्धित शाखालाईर्ऱ्गराउनु पर्नेछ ।
८)	उपदफा -७) बमोजिमको जानकारी प्राप्त भएपछि सो बमोजिमको परिमार्जन गर्ने गराउने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ ।
९)	उपदफा -८) बमोजिम सम्बन्धित परियोजनामा परिमार्जन गरी थप कार्यवाहीको लागि सम्बन्धित शाखाले सा.नि.सा. एकाइमा पठाउनु पर्नेछ ।

## ९ योजनामा समावेश

१)	दफा ७-३) बमोजिमको सिफारिस वा दफा ८-९) बमोजिमको जानकारीलाई प्रमुखको निर्देशन बमोजिम सा.नि.सा. एकाइले नगरपालिका वोर्डमा प्रस्तुत गर्नु पर्नेछ । सा.नि.सा. एकाइले सोको जानकारी सम्बन्धित शाखाले समेत गराउनु पर्नेछ ।
२)	उपदफा -१) बमोजिम प्राप्त सिफारिसलाई नगरपालिकाले कार्यान्वयनका लागि आफ्नो योजनामा समावेश गर्नु पर्नेछ ।
३)	उपदफा -२) बमोजिमको परियोजना कार्यान्वयनका लागि सा.नि.सा. इकाईले सम्बन्धित शाखामा पठाउनु पर्नेछ ।

# परिच्छेद -४ साझेदारको छनौट

## १० साझेदारका प्रकारहरु

१)	साझेदारी परियोजनाका साझेदारहरू देहाय बमोजिमका हुन सक्नेछन् ।
क)	निजी फर्म, कम्पनी वा व्यक्ति
ख)	गैरसरकारी संस्था तथा टोल विकास संस्थाहरु
ग)	उपभोक्ता समुह, धार्मिक-सांस्कृतिक संस्था, गुठी, स्थानीय क्लब र सामुदायिक संस्था वा यस्तै प्रकारका संस्थाहरु
२)	कुनै परियोजनाका लागि साझेदारको छनौट प्रक्रिया थाल्नु अघि उपदफा -१) मा उल्लेखित मध्ये कुन प्रकारको साझेदार छनौट गर्न खोजेको हो सोको टुङ्गो लगाउनु पर्नेछ ।
३)	उपदफा -२) बमोजिमको कार्य सा.नि.सा.प्रवर्दन समितिको सिफरिसको आधारमा नगरपालिका बोर्डले गर्नेछ ।
४)	उपदफा -१)-क) बमोजिमको साझेदारको छनौट प्रकृया दफा ११, १२ र १३ बमोजिम गर्नु पर्नेछ ।
५)	उपदफा -१)-ख) बमोजिमको साझेदारको छनौट र संझौताको प्रकृया स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १४२ बमोजिम गर्नु पर्नेछ ।
६)	उपदफा -१)-ग) बमोजिमको साझेदारको छनौट र संझौताको प्रकृया निम्न बमोजिम हुनेछः
क)	र्सार्वजनिक सूचना प्रकाशित गरी साझेदारीको लागि प्रस्ताव वा निवेदन माग गर्ने,
ख)	सम्बन्धित पक्षले सा.नि.सा.प्रवर्दन समितिमा सोझै प्रस्ताव वा निवेदन पेश गरेमा त्यसलाई पनि मान्यता दिइनेछ ।
ग)	प्रस्तावक वा निवेदक एक भन्दा बढी भएमा प्रतिस्पर्धात्मक वार्ता र एक मात्र भएमा आपसी वार्ताबाट साझेदारको छनौट गर्न सकिनेछ ।
७)	साझेदारको छनौटको लागि आवश्यक प्रक्रिया पूरा गरी सा.नि.सा. प्रवर्दन समितिको राय सहित न.पा. वोर्डमा निर्णयर्थ पेश गर्नु पर्नेछ । यसरी प्रस्तुत भएको प्रस्तावहरु स्वीकृत गर्नु पुर्व तोकिएको अधिकारीले आवश्यक कानुनी राय लिन सक्नेछ ।

## ११ मनसाय पत्र आव्हान गर्नेः

१) नगरपालिकाले कुनै परियोजना सार्वजनिक-निजी साझेदारीमा सञ्चालन/व्यवस्थापन गर्न उपयुक्त देखी निर्णयभैसकेपछि तोकिएका कुराहरु खुलाई सार्वजनिक-निजी साझेदारी निर्देशिका २०६१ को अनुसूची-१ वमोजिमको सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ ।

२) स्थानीय निकायको लागि तोकिएको सार्वजनिक-निजी साझेदारी निर्देशिका २०६१ अनुसूची १ मा उल्लेखित विवरणका अलावा मनसाय पत्र पेश गर्ने प्रस्तावकले देहायका विषयमा समेत स्पष्ट विवरण पेश गर्नु पर्नेछ ।

क) मनसाय पत्र पेश गर्ने प्रस्तावकको नाम र ठेगाना

ख) प्रस्तावकको परियोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक हैसियत

ग) सम्बद्ध परियोजना सञ्चालन सम्बन्धी अनुभव

३) सा.नि.सा.इकाईले मनासय पत्र प्राप्त भएको मितिले १ महिना भित्र सार्वजनिक निजी साझेदारी निर्देशिका २०६१ को दफा १४ -३) को आधारमा मनसाय पत्रहरूको मूल्याङ्कन गरी संभावित साझेदारहरुको संक्षिप्त सूची तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराउनु पर्नेछ ।

-४) मनसाय पत्रको मूल्याङ्कन स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३५ बमोजिम गठन भएको बोलपत्र मूल्याङ्कन समितिले गर्नेछ ।

## १२ प्रस्ताव आव्हान गर्नेः

१) स्विकृत संभावित साझेदारहरुबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा ३० दिनसम्मको म्याद दिई देहायका कुराहरु खुलेको वोलपत्र/दरभाउपत्र र सोसंग सम्बन्धित निम्नमध्ये सबै वा केही विवरण उपलब्ध गराई प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

क) परियोजनाको अनुमानित लागत,

ख) परियोजनाको प्रस्तावित वित्तीय श्रोत,

ग) परियोजनाको वातावरणीय विश्लेषण,

घ) परियोजना कार्यान्वयन सम्बन्धी विवरण,

ङ) परियोजना कार्यान्वयन गर्दा संभावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

च) संझौताका मुख्य-मुख्य शर्त बन्देजहरु,

छ) प्रस्ताव छनौटका आधारहरु,

ज) परियोजनाअनुसार तोकिए वमोजिमको अन्य विवरण

## १३ प्रस्ताव छनौट गर्नेः

१) दफा १२ वमोजिम प्रस्ताव प्राप्त भएको ३० दिन भित्र देहायका आधारमा प्रस्ताव छनौट गरिनेछ ।

क) प्रस्तावकको प्राविधिक क्षमता र आर्थिक हैसियत

ख) नगरपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी/भाडा/प्रतिफल र परियोजनामा गरिने लगानी वा न.पा.ले खर्च गर्नु पर्ने किसिमको परियोजनाको हकमा सोसम्बन्धी प्रस्ताव र लगानीको अनुमानीत परिमाण,

२) उपदफा -१) को -क) र -ख) बमोजिमको प्रस्ताव छुट्टा छुट्टै पेश गर्नु पर्नेछ ।

३) उपदफा -१)-क) बमोजिमको प्रस्तावहरुमध्ये मूल्याङ्कनबाट उत्कृष्ठ ठहरिएका कुनै तीन प्रस्तावकको मात्र उपदफा -१)-ख) बमोजिमको आर्थिक प्रस्ताव स्वीकार्य हुनेछ ।

४) उपदफा -३) बमोजिम स्वीकार्य देखिएका आर्थिक प्रस्तावहरुमा उल्लेखित लगानी र प्राप्त हुने रोयल्टी/भाडा/प्रतिफलको मूल्याङ्कन तोकिएको बट्टादर (Discount Factor)

५)	उपदफा -४) बमोजिमको मूल्याङ्कनबाट सबैभन्दा बढी कूल वर्तमान मूल्य (Total present Value) कायम हुन आउने प्रस्तावलाई स्वीकृत गरिनेछ ।

तर, नगपालिकाको खर्च वा लगानी हुने परियोजनाको हकमा सबैभन्दा कम कुल वर्तमान मूल्य (Total Present Value ) कायम हुन आउने प्रस्तावलाई स्वीकृत गरिनेछ ।

६)	प्रस्ताव छनौट गरिसकेपछि त्यसको जानकारी छिटो माध्यमद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ।

७)	मनसाय पत्रको मूल्याङ्कन स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावलीको नियम १३५ बमोजिम गठन भएको बोलपत्र मूल्याङ्कन समितिले गर्नेछ।

## १४ साझेदार छनौट सम्बन्धी विशेष व्यवस्थाः

१)	नगरपालिकासँग साझेदारीमा कुनै परियोजना सञ्चालन गर्नका लागि दफा १० -१) मा उल्लेखित कुनै पनि प्रकारका संभावित साझेदारहरुबाट दफा ३-२) बमोजिम प्राप्त प्रस्ताव वा निवेदनमा देहाय बमोजिमको अवस्था विद्यमान रहेमा नगरपालिकाले सोझै संझौता-पत्रमा हस्ताक्षर गरी साझेदारी परियोजनाको कार्यान्वयन गर्न सक्नेछः

क)	नगरपालिकालाई प्रत्यक्ष आर्थिक दायित्व नपर्ने

ख)	नगरपालिकाको आम्दानीमा प्रतिकुल असर नपर्ने

ग)	नगरपालिकाको काम, कर्तव्य र अधिकारमा प्रतिकुल असर नपर्ने

२)	उपदफा -१) बमोजिमको अवस्था विद्यमान छ वा छैन भन्ने विषयको टुङ्गो गर्न सार्वजनिक निजी साझेदारी सेल र सा.नि.सा. एकाइको संयुक्त बैठक बसी साझेदारी प्रर्वद्धन समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

३)	उपदफा -२) बमोजिमको सिफारिसमाथि छलफल गरी अन्तिम निर्णया लागि साझेदारी प्रर्वदधन समितिले नगरपालिका बोर्डमा प्रस्तुत गर्नु पर्नेछ र सो सम्बन्धमा बोर्डको निर्णयअन्तिम हुनेछ।

४)	उपदफा -२) र -३) बमोजिमको बैठकको आयोजना र निर्णयो जानकारी गराउने कार्य सा.नि.सा. एकाइले गर्नेछ।

## १५ परियोजनाको विवरण पेश गर्नु पर्नेः

१)	दफा १६-१) बमोजिमको सहमति-पत्र भएकोमा सो सहमति-पत्रमा उल्लेखित समयावधिभित्र छनौट भएका साझेदारले संझौता-पत्रमा हस्ताक्षर गर्नु पर्ूव गर्नु पर्ने कार्यहरुको विस्तृत विवरणहरु नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

२)	उपदफा -१) बमोजिमको विवरण छनौट भएको साझेदारले पेश नगरेमा वा त्यसरी पेश गरेको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वय गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा न.पा.ले त्यसको कारण खुलाई प्रस्तावकसँगको सहमति-पत्र रद्द गर्न सक्नेछ। यसरी सहमति-पत्र रद्द भएमा निकटतम प्रतिस्पर्धीसँग सहमति-पत्रमा हस्ताक्षर गरी आवश्यक कार्य गर्न सक्नेछ।

३)	प्रस्तावकहरुवीच मिलोमतो भएको कुनै माध्यमबाट जानकारी भै सो को पुष्टि हुन आएमा नगरपालिकाले प्राप्त सम्पुर्ण प्रस्ताव रद्ध गरी पुनः प्रस्ताव आव्हान गर्न सक्नेछ।

## १६ सहमति-पत्र

१)	संझौता गर्नु पुर्व सहमति-पत्रमा हस्ताक्षर गर्नु पर्ने भए ३ महिनाको समयावधिमा नबढ्ने गरी सहमति-पत्रमा नगरपालिका कार्यालयका कार्यकारी अधिकृत को दस्तखत र सा.नि.सा. सम्पर्क ब्यक्ति साक्षीको रुपमा रहनु पर्नेछ।

२)	उपदफा -१) बमोजिमको सहमति-पत्रमा हस्ताक्षर गर्नुपर्ने वा नपर्ने भन्ने विषयको निक्र्यौल सा.नि.सा. एकाइको सिफारिसमा कार्यकारी अधिकृतले गर्नुपर्नेछ।

३)	सहमति-पत्रमा साझेदारको तर्फाट साझेदार संस्थाको प्रमुख वा निजले अख्तियार सुम्पेको व्यक्तिले आफ्नो साक्षीको रोहवरमा हस्ताक्षर गर्नु पर्नेछ ।

## १७ संझौता-पत्र

१)	छनौट भएको साझेदारसँग संझौता गरी लागू गर्नु पर्नेछ ।
२)	संझौता गर्नु पर्ूव नगपालिकाले कानुनी स्पष्टताको लागिमा कानुनी सल्लाह लिन सक्नेछ ।
३)	संझौतापत्रमा नगरपालिकाको तर्फाट कार्यकारी अधिकृतले दस्तखत गर्नु पर्नेछ र सम्बन्धित शाखाको प्रमुख र सा.नि.सा. एकाइ प्रमुख साक्षीको रुपमा रहनु पर्नेछ ।
४)	उपदफा -३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नीतिगत महत्वका संझौता-पत्रमा नगरपालिकाको प्रमुखले हस्ताक्षर गर्न सक्नेछ । यसरी हस्ताक्षर भएको संझौता-पत्रको साक्षीमा कार्यकारी अधिकृत र सम्बन्धित् शाखाको प्रमुख रहनु पर्नेछ । कार्यकारी अधिकृतले प्रमुखको समेत कार्यभार सम्हालेको हकमा कार्यकारी अधिकृतको स्थानमा सा.नि.सा. एकाइ प्रमुख साक्षीको रुपमा रहनु पर्नेछ । कुनै संझौता-पत्र नीतिगत महत्वको हो भन्ने विषय नगरपालिका बोर्डले निर्णयगर्नु पर्नेछ ।
५)	उपदफा -३) वा -४) बमोजिम हुने संझौता-पत्रमा साझेदारको तर्फाट साझेदार संस्थाको प्रमुख वा निजले अख्तियार सुम्पेको व्यक्तिले आफ्ना साक्षीको रोहवरमा हस्ताक्षर गर्नु पर्नेछ ।
६)	संझौता-पत्रमा खुलाउनु पर्ने बुँदाहरु सार्वजनिक-निजी साझेदारी निर्देशिका २०६१ को दफा १५ मा उल्लेखित व्यहोरा र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

## १८ सहमति-पत्र र संझौता-पत्रको सुरक्षा

१)	साझेदारसँग भएको सहमति-पत्र र संझौता-पत्र सा.नि.सा. इकाईले सुरक्षित राख्नु पर्नेछ ।

# परिच्छेद -५ साझेदारीको सञ्चालन, अनुगमन र आवधिक समीक्षा

## १९ परियोजनाको सञ्चालन

१)	संझौता बमोजिम साझेदारी परियोजनाको सञ्चालन/कार्यान्वयन गराउने प्रमुख जिम्मेवारी सा.नि.सा.इकाईको हुनेछ ।
२)	उपदफा -१) बमोजिम सञ्चालन गरिने परियोजनाको कार्ययोजना वा कार्यतालिका तर्जूमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।

## २० परियोजनाको सुपरिवेक्षण र अनुगमन

१)	परियोजना सञ्चालन भएपछि सोको नियमित सुपरिवेक्षण र अनुगमन सक्वन्धी ब्यवस्था संझौता-पत्रमा उल्लेख भएको भए सोही बमोजिम र नभएको भए सा.नि.सा.इकाई र सम्वन्धित शाखा प्रमुखले गर्नु पर्नेछ ।
२)	परियोजनाको सुपरिवेक्षण र अनुगमनको आधार सम्बन्धित संझौता-पत्र, दफा १९ -२) बमोजिमको कार्ययोजना वा कार्यतालिका र तोकिएका अन्य मापदण्ड आदि हुनेछन् ।
३)	साझेदारी परियोजनाको सुपरिवेक्षण र अनुगमन स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३९ बमोजिम गठन हुने समितिले समेत गर्न उपदफा -१) ले वाधा पुर्‍याएको मानिने छैन ।

## २१ सुपरिवेक्षण तथा अनुगमनको प्रतिवेदन र त्यसको कार्यान्वयन

१) दफा २० -१) बमोजिम गरिएको सुपरिवेक्षण र अनुगमन कार्यको प्रतिवेदन संझौता-पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम र नभएको हकमा सा.नि.सा. एकाइमा बुझाउनु पर्नेछ ।
२) सुपरिवेक्षण र अनुगमन कार्यको प्रतिवेदनका सम्बन्धमा सा.नि.सा. एकाइको राय प्राप्त भएपछि कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ ।

## २२ परियोजनाको आवधिक समीक्षा

१) साझेदारी परियोजनाको समीक्षा सार्वजनिक-निजी साझेदारी निर्देशिका  स्थानीय निकायको लागि), २०६१ को दफा १८ बमोजिम गर्नु
पर्नेछ ।
२) उपदफा -१) बमोजिम साझेदारी परियोजनाको समीक्षा गर्न सा.नि.सा. एकाइले प्रमुखको निर्देशनमा साझेदारी प्रर्वदधन समितिमा उप समिति गठनका लागि प्रस्ताव पेश गर्नु पर्नेछ । सोही बमोजिम साझेदारी प्रर्वदधन समितिले समीक्षा उप समिति गठन गरी साझेदारी परियोजनाको आवधिक समीक्षा गर्नु पर्नेछ ।
३) उपदफा -२) बमोजिम गठन हुने समीक्षा उप समितिमा निम्न सदस्यहरु रहनेछन्
क) सा.नि.सा. प्रवर्दन समितिले तोकेको ब्यक्ति -संयोजक
ख) मकवानपुर उद्योग वाणिज्य संघले तोकेको एकजना -सदस्य
ग) साझेदारको तर्फाट एकजना -सदस्य
घ) सम्बन्धित शाखा प्रमुखह -सदस्य
ङ) सम्बन्धित परियोजनाको सेवाग्राहीमध्येबाट एकजना -सदस्य
४) समीक्षा उप समितिलाई आवश्यक पर्ने प्राविधिक, कानुनी तथा अन्य विशेषज्ञ सेवाहरु नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

## २३ समीक्षा उप समितिको कार्यहहरु

१) समीक्षा उप समितिले साझेदारी परियोजनाको समीक्षाको क्रममा निम्न कार्यहरु गर्नु पर्नेछ ।
क) कागजातहरुको समीक्षा,
ख) परियोजनाको अवलोकन र छलफल,
ग) मस्यौदा प्रतिवेदन तयार,
घ) मस्यौदा प्रतिवेदन उपर छलफल,
ङ) अन्तिम प्रतिवेदन तयार ।
२) उपदफा -१) मा उल्लेख गरिएका अतिरिक्त समीक्षा उप समितिले साझेदारी प्रर्वदधन समितिले तोकेका अन्य कार्यहरु समेत गर्नु पर्नेछ ।
३) समीक्षा उप समितिले आफ्नो कार्यविधि आफैले तय गर्न सक्नेछ ।
४) समीक्षा उप समितिले निम्न कागजातहरुको गहन अध्ययन गर्नु पर्नेछ ।

क) संझौता-पत्र,
ख) संझौता-पत्रका अभिन्न अङ्गका रुपमा रहेका कागजातहरु,

ग)	परियोजना सम्बन्धी पहिले गरिएका अध्ययन प्रतिवेदनहरु,
घ)	सुपरिवेक्षण र अनुगमनका प्रतिवेदनहरु,
ङ)	सम्बन्धित परिपत्र, निवेदन, पत्राचार, टिप्पणी आदि,
च)	सञ्चार माध्यममा कुनै सूचना, सामग्री प्रकाशित भएको भए त्यस्ता सामग्रीहरु,
छ)	वार्षिक तथा अन्य प्रगति प्रतिवेदनहरु,
ज)	आवश्यक देखिएका अन्य कागजातहरु ।

५)	सम्बन्धित कागजातहरुको समीक्षा पश्चात समीक्षा उप समितिले सम्बन्धित् परियोजनाको स्थलगत अवलोकन गरी विवरण लिनु पर्नेछ ।
६)	स्थलगत अवलोकनको क्रममा वा सो पश्चात समीक्षा उप समितिले निम्न पक्षहरुसंग छलफल/अन्तरक्रिया गरी उनीहरुको राय सङ्कलन गर्नु पर्नेछ ।
क)	परियोजनाका सेवाग्राही वर्ग,
ख)	परियोजनाबाट वेफाइदा पुगेका पक्षहरु,
ग)	साझेदार,
घ)	नगरपालिकाको सम्बन्धित शाखा प्रमुख,
ङ)	आवश्यक देखिएका अन्य ब्यक्ति वा संस्थाहरु ।
७)	समीक्षा उप समितिले प्राप्त सूचना/जानकारी, तथ्याङ्क र सुझावहरुको आधारमा मस्यौदा प्रतिवेदन तयार गर्नु पर्नेछ ।
८)	उपदफा -७) बमोजिम तयार भएको प्रतिवेदनमा सामान्यतः निम्न विषयहरुको विश्लेषण गरिएको हुनु पर्नेछ
क)	संझौता बमोजिमका संख्यात्मक र गुणात्मक लक्ष्यहरु,
ख)	हासिल भएका उपलब्धिहरु,
ग)	लक्ष्य र प्रगतिवीच भएका भिन्नताहरु,
घ)	लक्ष्य र प्रगतिवीच भएका भिन्नताहरुका कारण वा समस्याहरु, त्यस्ता समस्या उत्पन्न हुनुका कारण र तिनले पारेका प्रभावहरु,
ङ)	उत्पन्न समस्या समाधानका लागि भएका/गरिएका प्रयासहरु,
च)	परियोजना कार्यान्वयनको क्रममा हासिल भएका राम्रा तथा नराम्रा अनुभवहरु,
छ)	संझौतामा समायोजन गर्नुपर्ने वा नियमित गर्नुपर्ने कुराहरु भए सो सम्बन्धी सुझावहरु र त्यसो गर्नुपर्नाका कारणहरु,
ज)	आगामी समयमा ध्यानदिनु पर्ने विषय, क्षेत्र वा यस्तै अन्य कुरा भए ती कुराहरु र सो गर्नु पर्नाका कारणहरु ।
९) उपसमितिले मस्यौदा प्रतिवेदन साझेदारी प्रर्वदधन समितिमा छलफलका लागि प्रस्तुत गर्नु पर्नेछ ।
१०)	समीक्षा उप समितिले दफा २४-४) बमोजिम प्राप्त निर्देशनका आधारमा मस्यौदा प्रतिवेदनलाई परिमार्जन वा पुनर्लेखन गरी अन्तिम प्रतिवेदन साझेदारी प्रर्वदधन समितिमा पेश गर्नु पर्नेछ ।

## २४ सम्बन्धी साझेदारी प्रर्वदधन समितिमा छलफल

१)	साझेदारी प्रर्वदधन समितिले सम्बन्धित साझेदार, शाखालाई मस्यौदा प्रतिवेदनमाथि हुने छलफलमा आमन्त्रित गर्नु पर्नेछ । समीक्षा उप समितिका सदस्यहरु स्वतः आमन्त्रित हुनेछन् ।
२)साझेदारी प्रर्वदधन समितिले उपदफा -१) बमोजिम हुने छलफलका लागि सम्बन्धित साझेदार, शाखालाई अध्ययनका लागि कम्तीमा एक हप्ता अगावै मस्यौदा प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।
३)मस्यौदा प्रतिवेदन माथिको छलफलमा सामान्यतः निम्न विषयहरुमा विशेष ध्यान दिनु पर्नेछः
क)	मस्यौदा प्रतिवेदनमा समावेश गरिएका आधारभूत विवरण वा तथ्याङ्कमाथि कुनै असहमति छ या छैन,

ख)    मस्यौदा प्रतिवेदनमा राखिएका आधारभूत मान्यतामाथि कुनै प्रश्न चिन्ह छ या छैन,
ग)    विश्लेषणको तरिका र त्यसका आधारमा निकालिएको निश्कर्षा कुनै सुझाव वा टिप्पणी छ या छैन,
घ)    प्रस्तुत गरिएका सुझावहरु पर्याप्त छन् या छैनन्,
ङ)    मस्यौदा प्रतिवेदनमा समावेश गर्नु पर्ने कुनै विषय छुटेको छ या छैन
च)    आवश्यक देखिएका अन्य पक्षहरु ।
४)    मस्यौदा प्रतिवेदनउपर भएका छलफलका आधारमा मस्यौदा प्रतिवेदनलाई परिमार्जन वा पुनर्लेखन गर्न आवश्यक भए सो गर्न साझेदारी प्रर्वदधन समितिले समीक्षा उप समितिलाई निर्देशन दिनु पर्नेछ ।

### २५   समीक्षा प्रतिवेदनको कार्यान्वयन

१)    अन्तिम प्रतिवेदन कार्यान्वयनका लागि साझेदारी प्रर्वदधन समितिले नगरपालिका बोर्डसमक्ष सिफारिस गर्नु पर्नेछ ।
२)    उपदफा -१) बमोजिमको सिफारिसका सम्बन्धमा नगरपालिका बोर्डले ३० दिनभित्र आवश्यक निर्णयगर्नु पर्नेछ ।

## परिच्छेद -६:विविध

### २६   परियोजनाको वार्षिक प्रतिवेदन

१)    साझेदारी परियोजनाको प्रतिवेदन र त्यसको कार्यान्वयन र्सार्वजनिक-निजी साझेदारी निर्देशिका -स्थानीय निकायको लागि), २०६१ को दफा १७ बमोजिम हुनु पर्नेछ ।

### २७   नियमन

१)    र्सार्वजनिक-निजी साझेदारी निर्देशिका -स्थानीय निकायको लागि), २०६१ को दफा १९ बमोजिम गर्नु पर्ने साझेदारी परियोजनाको नियमन सम्बन्धित शाखाले गर्नु पर्नेछ ।

### २८   विवाद समाधान

१)    साझेदारी परियोजना सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा साझेदार, सम्बन्धित शाखा र सा.नि.सा. एकाइवीचको आपसी छलफलबाट समाधान गर्नु पर्नेछ ।
२)    उपदफा -१) बमोजिम विवाद समाधान हुन नसकेमा र्सार्वजनिक-निजी साझेदारी निर्देशिका -स्थानीय निकायको लागि), २०६१ को दफा २० बमोजिम विवाद समाधानको पहल गर्नु पर्नेछ ।

### २९   परियोजनाको आवधिक मूल्याङ्कन र समायोजना

१)    साझेदारी परियोजनाको मूल्याङ्कन र संझौतामा समायोजन र्सार्वजनिक-निजी साझेदारी निर्देशिका -स्थानीय निकायको लागि), २०६१ को दफा २१ बमोजिम गर्नु पर्नेछ ।

### ३०   परियोजनाको अन्तिम मूल्याङ्कन र त्यसको कार्यान्वयन

१) संझौता-पत्रको अवधि समाप्त हुनुभन्दा दर्ुइ महिना अगाडि साझेदारले अन्तिम प्रगति प्रतिवेदन सम्बन्धित शाखामा बुझाउनु पर्नेछ ।

२) उपदफा -१) बमोजिमको प्रतिवेदनमा निम्न विषयहरु समावेश भएको हुनु पर्नेछः

क) संझौता बमोजिमको लक्ष्य,

ख) प्राप्त प्रत्यक्ष र अप्रत्यक्ष तथा भौतिक र अभौतिक उपलब्धिहरु,

ग) परियोजनाको कार्यान्वयनमा आइपरेका समस्या, तिनको कारण र प्रभावहरु,

घ) समस्या समाधानका लागि भएका प्रयास र तिनको प्रभाव,

ङ) सकारात्मक र नकारात्मक अनुभवहरु,

च) भविष्यमा समान प्रकृतिका साझेदारी परियोजना सञ्चालन गर्न नगरपालिकाले ध्यान दिनु पर्ने कुराहरु,

छ) संझौता नवीकरण गर्नु पर्ने वा नपर्ने र सो गर्नु पर्नाका कारणहरु,

ज) आवश्यक देखिएका अन्य कुराहरु ।

३) उपदफा -१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि साझेदारी प्रर्वदधन समितिले परियोजनाको एक महिनाभित्र अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ ।

४) उपदफा -३) बमोजिमको अन्तिम मूल्याङ्कन गर्न सा.नि.सा. एकाइले प्रमुखको निर्देशनमा साझेदारी प्रर्वदधन समितिमा देहाय बमोजिमको उप समिति गठनका लागि प्रस्ताव पेश गर्नु पर्नेछ । सोही बमोजिम साझेदारी प्रर्वदधन समितिले उप समिति गठन गरी जिम्मेवारी तोक्नु पर्नेर्छ ।

क) सा.नि.सा. प्रवर्दन समितिले तोकेको ब्यक्ति -संयोजक

ख) मकवानपुर उद्योग वाणिज्य संघले तोकेको एकजना -सदस्य

ग) साझेदारको तर्फाट एकजना -सदस्य

घ) सम्बन्धित शाखा प्रमुख -सदस्य

ङ) सम्बन्धित परियोजनाको सेवाग्राहीमध्येबाट एकजना -सदस्य

५) मूल्याङ्कन उप समितिलाई आवश्यक पर्ने प्राविधिक, कानुनी तथा अन्य विशेषज्ञ सेवाहरु नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

६) मूल्याङ्कन उप समितिले साझेदारी परियोजनाको मूल्याङ्कनको क्रममा निम्न कार्यहरु गर्नु पर्नेछ ।

क) कागजातहरुको समीक्षा,

ख) परियोजनाको अवलोकन र छलफल,

ग) मस्यौदा प्रतिवेदन तयार,

घ) मस्यौदा प्रतिवेदन उपर छलफल,

ङ) अन्तिम प्रतिवेदन तयार ।

७) मूल्याङ्कन उप समितिले साझेदारी प्रर्वदधन समितिले तोकेका अन्य कार्यहरुसमेत गर्नु पर्नेछ ।

८) मूल्याङ्कन उप समितिले आफ्नो कार्यविधि आफैले तय गर्न सक्नेछ ।

९) मूल्याङ्कन उप समितिले निम्न लिखतहरुको गहन अध्ययन गर्नु पर्नेछ ।

क) संझौता-पत्र,

ख) संझौता-पत्रका अभिन्न अङ्गका रुपमा रहेका कागजातहरु,

ग) परियोजनासम्बन्धी पहिले गरिएका अध्ययन तथा समीक्षा प्रतिवेदनहरु,

घ) सुपरिवेक्षण र अनुगमनका प्रतिवेदनहरु,

ङ) सम्बन्धित परिपत्र, निवेदन, पत्राचार, टिप्पणी आदि,

च) सञ्चार माध्यममा कुनै सूचना, सामग्री प्रकाशित भएको भए त्यस्ता सामग्रीहरु ,

छ) वार्षिक तथा अन्य प्रगति प्रतिवेदनहरु,

ज) आवश्यक देखिएका अन्य सम्वन्धित कागजातहरु ।

१०) सम्बन्धित काजातहरुको समीक्षा पश्चात मूल्याङ्कन उप समितिले सम्बन्धित् परियोजनाको स्थलगत अवलोकन भ्रमण गरी विवरण लिनु पर्नेछ ।

११) स्थलगत अवलोकन भ्रमणको क्रममा वा सो पश्चात मूल्याङ्कन उप समितिले निम्न पक्षहरुसंग छलफल/अन्तरक्रिया गरी उनीहरुको राय सङ्कलन गर्नु पर्नेछ ।

क) परियोजनाका सेवाग्राही वर्ग,

ख) परियोजनाबाट वेफाइदा पुगेका पक्षहरु,

ग) साझेदार,

घ) नगरपालिकाको सम्बन्धित शाखा,

ङ) आवश्यक देखिएका अन्य ब्यक्ति वा संस्थाहरु ।

१२) मूल्याङ्कन उप समितिले प्राप्त सूचना/जानकारी, तथ्याङ्क र सुझावहरुको आधारमा मस्यौदा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

१३) उपदफा -१२) बमोजिम तयार भएको प्रतिवेदनमा सामान्यतः निम्न विषयहरुको विश्लेषण गरिएको हुनु पर्नेछ ।

क) संझौता बमोजिमको लक्ष्य,

ख) प्राप्त प्रत्यक्ष र अप्रत्यक्ष तथा भौतिक र अभौतिक उपलब्धिहरु,

ग) परियोजनाको कार्यान्वयनमा आइपरेका समस्या, तिनको कारण र प्रभावहरु,

घ) समस्या समाधानका लागि भएका प्रयास र तिनको प्रभाव,

ङ) सकारात्मक र नकारात्मक अनुभवहरु,

च) भविष्यमा समान प्रकृतिका साझेदारी परियोजना सञ्चालन गर्न नगरपालिकाले ध्यान दिनु पर्ने कुराहरु,

छ) सहमति-पत्र वा संझौता नवीकरण गर्नु पर्ने भए सोका कारणहरु,

ज) सहमति-पत्र वा संझौतामा समायोजन गर्नु पर्ने भए सोका कारणहरु,

झ) आगामी दिनमा सम्बन्धित परियोजना नगरपालिका आफैले सञ्चालन गर्नु पर्ने हो भने सोका कारणहरु,

ञ) साझेदारी परियोजना बन्द गर्नु पर्ने भए सोका कारणहरु,

ट) आवश्यक देखिएका अन्य कुराहरु ।

१४) उप समितिले मस्यौदा प्रतिवेदन साझेदारी प्रर्वदधन समितिमा छलफलका लागि प्रस्तुत गर्नु पर्नेछ १५) साझेदारी प्रर्वदधन समितिले सम्बन्धित साझेदार तथा शाखालाई मस्यौदा प्रतिवेदनमाथि हुने छलफलमा कम्तीमा एक हप्ता अगावै मस्यौदा प्रतिवेदन उपलब्ध गराई आमन्त्रित गर्नु पर्नेछ । मूल्याङ्कन उप समितिका सदस्यहरु स्वतः आमन्त्रित हुनेछन् ।

१६) मस्यौदा प्रतिवेदन उपर भएका छलफलका आधारमा मस्यौदा प्रतिवेदनलाई परिमार्जन वा पुनर्लेखन गर्न आवश्यक भए सो गर्न साझेदारी प्रर्वदधन समितिले उप समितिलाई निर्देशन दिनु पर्नेछ ।

१७) उप समितिले उपदफा -१६) बमोजिम प्राप्त निर्देशनका आधारमा मस्यौदा प्रतिवेदनलाई परिमार्जन वा पुनर्लेखन गरी अन्तिम प्रतिवेदन साझेदारी प्रर्वदधन समितिमा पेश गर्नु पर्नेछ ।

१८) अन्तिम प्रतिवेदन कार्यान्वयनका लागि साझेदारी प्रर्वदधन समितिले नगरपालिकालाई निम्न पाँचमध्ये कुनै एकअनुसार सिफारिस गर्नु पर्नेछ ।

क) संझौता-पत्रको निश्चित अवधिका लागि नवीकरण गर्ने वा,

ख) संझौतामा समयानुकृुल समायोजन वा पुरक संझौता गरी निरन्तरता दिने वा,

ग) नयाँ साझेदार छनौट गर्नु पर्ने वा,

घ) हाललाई सम्बन्धित परियोजना नगरपालिका स्वयमले सञ्चालन गर्ने वा

ङ) साझेदारी परियोजना नै बन्द गर्ने ।

१९) उपदफा -१८) बमोजिमको सिफारिसका सम्बन्धमा नगरपालिकाले संझौता अवधिभित्रै आवश्यक निर्णयगर्नु पर्नेछ ।

२०) सा.नि.सा.एकाइले उपदफा -१९) बमोजिम भएको कार्यान्वयनको जानकारी साझेदार, सम्बन्धित शाखा र र्सवसाधारणलाई दिनु पर्नेछ ।

२१) उपदफा -१८) बमोजिमको सिफारिसलाई कार्यान्वयन गर्न तत्काल लागू भैरहेको संझौता-पत्रले कुनै बाधा पुर्‍याएको रहेछ भने त्यस्तो वाधा फुकाउनका लागि आपसी सहमतिमा नयाँ संझौता गरी लागू गर्न सक्नेछ ।

### ३१ सेवा शुल्कसम्बन्धी व्यवस्थाः

१) साझेदारले परियोजना सञ्चालन गर्दा संझौता बमोजिम लिन पाउने सेवा शुल्क पुनरावलोकन गर्नका लागि निम्नानुसारको एक सेवा शुल्क पुनरावलोकन उप समिति गठन गरिनेछ ।

क) सा.नि.सा.प्रवर्दन समितिले तोकेको ब्यक्ती -संयोजक

ख) मकवानपुर उद्योग वाणिज्य संघले तोकेको एकजना -सदस्य

ग) सम्बन्धित शाखाको प्रमुख -सदस्य

घ) साझेदारले तोकेको एकजना -सदस्य

ङ) सेवाग्राही मध्येबाट एक जना -सदस्य

२) जुन परियोजनाको विषयमा छलफल हुने हो सोही परियोजनासँग सम्बन्धित व्यक्तिहरु उपदफा -१) को खण्ड -घ) र -ङ) अर्न्तर्गत उप समितिको सदस्यका रुपमा उपस्थित हुन पाउनेछन् ।

३) उपदफा -१) बमोजिम उप समितिले शुल्क पुनरावलोकन गर्दा साझेदारले परियोजनाको कार्यान्वयनको लागि गरेको वास्तविक खर्च र सो वापत प्राप्त गर्न सक्ने मनासिव माफिकको प्रतिफललाई आधार मान्नु पर्नेछ ।

४) उपदफा -२) बमोजिम उप समितिले पुनरावलोकन गरेको शुल्क दर नगरपालिका बोर्डले स्वीकृत गरेपछि लागू हुनेछ ।

५) दफा ३१ बमोजिमको बैठकको आयोजना, व्यवस्थापन र अन्य कार्य सा.नि.सा. एकाइले गर्नु पर्नेछ ।

६) दफा ३१ बमोजिम हुने बैठक आवश्यकता हेरी संझौता-पत्रमा उल्लेख भए बमोजिम वस्नेछ ।

### ३२ संशोधन

१) यो निर्देशिकाको कुनै प्रावधान संशोधन वा थपघट गर्नु परेमा सरोकार पक्षको सुझाव सहित सा.नि.सा. प्रवर्दन समितिको राय लिईर्नगरपरिषदबाट गर्न सकिनेछ ।

२) नगरपरिषद तत्काल बस्न नसक्ने भएमा स्थानीय स्वायत्त शासन ऐन, नियमावली, र्सार्वजनिक-निजी साझेदारी नीति र निर्देशिकाको प्रावधान र भावना विपरित नहुने गरी वाधा अड्काउ फुकाउने अधिकार नगरपालिका बोर्डलाई हुनेछ ।

### ३३ बचाउ

१) यो निर्देशिका लागू हुनुभन्दा पहिले भएका संझौताहरु आपसी सहमतिमा थपघट वा परिमार्जन नभएसम्म जे जस्तो अवस्थामा छ सोही अवस्थामा लागू हुनेछन ।

२) यो निर्देशिका लागू हुनुभन्दा अघि वा पछि यस निर्देशिका बमोजिम कुनै कार्य गर्न पहिलेको संझौताले कुनै बाधा अड्काउ पारेको भए त्यस्तो बाधा अड्काउ फुकाउन आपसी सहमतिमा पूरक वा थप संझौता गरी अथवा पहिलेको संझौतालाई परिमार्जन गरी लागू गर्न सकिनेछ ।

३) यो निर्देशिका लागू हुनु भन्दा पहिले भएका संझौता यस निर्देशिकासँग नबाझिएको हदसम्म लागू हुनेछ ।

...........

## अनुसूची १

**दफा ३-२) सँग सम्बन्धित)**

**हेटौडा नगरपालिका कार्यालय**

**साझेदारी परियोजना पेश गर्ने सम्बन्धी**

### सार्वजनिक सूचना

हेटौडा नगरपालिकाले विगतदेखि नै विभिन्न संघ, संस्था, समुदाय र निजी क्षेत्रसँगको सहभागिता र साझेदारीमा विभिन्न परियोजनाहरु संचालन गर्दै आएको छ । यस प्रकारको प्रयासलाई भविष्यमा अझ बढी प्रोत्साहित गर्दै व्यवस्थित ढङ्गले अघि बढाउने नीति नगरपालिकाले लिएको छ । यस पर्रिरेक्ष्यमा नगरपालिका क्षेत्रभित्र -वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालय, खानेपानी, पर्यटकीय स्थलहरुको विकास र व्यवस्थापन.......कुन कुन क्षेत्र हो सो उल्लेख गर्ने) लगायतका क्षेत्रहरुमा नगरपालिकासँग सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम सञ्चालन गर्न सकिने परियोजनाहरूको पहिचान गर्नु पर्ने भएकोले इच्छुक संघ, संस्था, कम्पनी वा व्यक्तिहरूलाई आफूले सञ्चालन गर्न चाहेको परियोजना यो सार्वजनिक सूचना प्रकाशित भएको मितिल................ दिनभित्र नगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइमा पेश गर्नु हुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

यससम्बन्धी थप जानकारीको लागि सार्वजनिक निजी साझेदारी एकाइमा कार्यालय समयभित्र फोन नं. .............. मा सर्म्पर्क राख्न सकिनेछ ।

......................
कार्यकारी अधिकृत

## अनुसूची २ क

-दफा ६-६) सँग सम्बन्धित)
हेटौडा नगरपालिका कार्यालय
.......शाखा

कस्तो खालको अध्ययन विश्लेष्ण गर्नु पर्ने हो सो उल्लेख गर्ने ) अध्ययन सम्बन्धी सिलवन्दी दरभाउपत्र /वोलपत्र पेश गर्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः .............

हेटौडा नगरपालिकाले नगरको बढ्दो आवश्यकतालाई सार्वजनिक निजी साझेदारीको माध्यमबाट समेत पूरा गर्ने प्रयास विगत लामो समयदेखि गरिरहेको छ । यस सिलसिलामा विभिन्न चरणमा भएका छलफल/अन्तरक्रियाको आधारमा नगरपालिकाले विभिन्न प्रकारका साझेदारी परियोजनाहरु समेत पहिचान गरिसकेको छ । सो मध्ये -अध्ययन गर्नु पर्ने परियोजनाको नाम उल्लेख गर्ने ) लाई सार्वजनिक निजी साझेदारी अवधारणाअनुसार सञ्चालन/व्यवस्थापन गर्नका लागि -कस्तो खालको अध्ययन विश्लेषण गर्नु पर्ने हो सो उल्लेख गर्ने) अध्ययन गर्नु पर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही उक्त अध्ययन गर्न चाहने कन्सल्टिङ्ग फर्महरुका लागि यो ..... दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक कन्सल्टिङ्ग फर्महरुले उक्त अध्ययनका लागि यस कार्यालयको सा.नि.सा. इकाईवाट प्राप्त गर्न सकिने Terms Of Reference पेश गर्नु पर्नेछ ।

तपसिल

१ प्राविधिक प्रस्तावमा सामान्यतः निम्न बुँदाहरुका विषयमा उल्लेख हुनु पर्नेछ ।

- क) अध्ययन विधि
- ख) कार्ययोजना
- ग) संस्थागत अनुभव
- घ) प्रस्तावित जनशक्तिको सङ्ख्या, शैक्षिक योग्यता, विशेषज्ञता र अनुभव
- ङ) फर्मको प्रोफाईल
- च) संलग्न जनशक्तिको व्यक्तिगत विवरण (Curriculum Vitae)

छ) फर्मको नाममा रहेको बैंक खातामा चालु आ.व.भित्र कायम हुन गएको सबैभन्दा कम र सबैभन्दा बढी बैंक मौज्दातको (Lowest and Highest Bank Balance of the Current Fiscal Year)

२ आर्थिक प्रस्तावको लागि दरभाउपत्र/वोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ...... दिनभित्र कार्यालय समयभित्र .........-कुन शाखा वा शाखा हो सो उल्लेख गर्ने) मा रु. .............. -अक्षररुपी ...................) -पछि फिर्ता नहुने) बुझाएको सक्कल रसिद पेश गरेपछि प्राप्त गर्न सकिनेछ ।

४ प्रस्तावका साथ प्रस्तावकले नवीकरण भएको फर्म वा कम्पनी दर्ता भएको प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र, नगरपालिकालाई चालु आ.व.को व्यवसाय कर तिरेको प्रमाणको प्रतिलिपिलगायत अन्य प्रमाणपत्रहरुको प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

५ एक फर्मको नाउमा खरीद भएको दरभाउपत्र/वोलपत्र फारम अर्को फर्मको नाउमा पेश गर्न पाइने छैन ।

६ रीत नपुगी वा म्याद नाघी वा कुनै शर्त राखी दर्ता हुन आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

७ दरभाउपत्र/वोलपत्र फारममा उल्लेख गरिएको दररेट अङ्क र अक्षरमा भरी मूल्यअभिबृद्धिकर समेत समावेश भएको हुनु पर्नेछ । मूल्य अभिबृद्धि कर उल्लेख नगरेको खण्डमा मूल्य अभिबृद्धि कर समावेश गरी मूल्याङ्कन गरिनेछ । उल्लेखित अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८ दरभाउपत्र/वोलपत्र फारम बुझाउँदा सिलवन्दी गरी खाम बाहिर जुन विषयका प्रस्ताव पेश गरेको हो सो स्पष्ट उल्लेख गरी फारम बुझाउने अन्तिम दिनको कार्यालय समयभित्र दर्ता गर्न सकिनेछ । र उपरोक्त सिलवन्दी दरभाउपत्र/वोलपत्रहरु अन्तिम दिनको भोलिपल्ट कार्यालय समयभित्र प्रस्तावकहरुको उपस्थितिमा वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र/वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । सो दिन विदा परेमा लगतै कार्यालय खुल्ने दिन उक्त कार्य गरिनेछ ।

९ प्राप्त भएका प्रस्तावहरुमध्ये आंशिक वा पर्ूण्ा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

१० यसमा उल्लेख नभएका अन्य कुराहरु स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०५६ र प्रचलित ऐन नियम अनुसार गरिनेछ ।

यससम्बन्धी थप जानकारीको लागि सार्वजनिक निजी साझेदारी एकाइमा कार्यालय समयभित्र फोन नं. ............. मा सम्पर्क राख्न सकिनेछ ।

## अनुसूची २ ख

-दफा ६-६) सँग सम्बन्धित)

...................... -परियोजनाको नाम उल्लेख गर्ने) को सार्वजनिक निजी साझेदारीअन्तर्गत ........ -कस्तो खालको अध्ययन विश्लेषण गर्नु पर्ने हो सो उल्लेख गर्ने ) अध्ययनको सम्बन्धमा अध्ययनकर्ता/परामर्शदाताले गर्नु पर्ने कार्यहरूको विवरण (Terms Of References)

### १ भूमिका

हेटौडा  नगरपालिकाले नेपाल सरकार स्थानीय विकास मन्त्रालयले जारी गरेको सार्वजनिक निजी साझेदारी नीति -स्थानीय निकाको लागि), २०६० को आधारमा आधारभूत शहरी सेवा सुविधा तथा पुर्वाधारको विकासमा निजी क्षेत्रलाई आकर्षित गरी साझेदारी भावनाअनुरुप विभिन्न परियोजनाहरू सञ्चालन गर्ने नीति लिएको छ ।

......... -सम्बन्धित परियोजनाको सामान्य परिचय र सम्बन्धित क्षेत्रमा त्यसको आवश्यकता विषयमा संक्षिप्त उल्लेख गर्ने । ठूला खालका परियोजनाहरुको हकमा आवश्यकताअनुसारको विवरण यस खण्डमा विभिन्न उपशिर्ष दिई उल्लेख गर्ने )

### २ ..... -कस्तो खालको अध्ययन विश्लेषण गर्नु पर्ने हो सो उल्लेख गर्ने ) अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य ...................-परियोजनाको नाम उल्लेख गर्ने) को ...................-के गर्न खोजिएको हो सो उल्लेख गर्ने) सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप गर्नका लागि संभाव्य विकल्पहरुमध्ये सवभन्दा उत्तम विकल्पको पहिचान गर्नु रहेको छ ।

### ३ अध्ययनकर्ता/परामर्शदाताले गर्नुपर्ने कार्यहरू

अध्ययनकर्ता/परामर्शदाताले निम्न कार्यहरू गर्नुपर्नेछः

क) ...................... -परियोजनाको नाम उल्लेख गर्ने) को वर्तमान अवस्थाको यथार्थपरक विश्लेषण (Situation Analysis)र भविष्यको संभाव्य  अवस्थाको  विश्लेषण  (Analysis of future Possibilities)

ख) ...................... -परियोजनाको नाम उल्लेख गर्ने) मा रहेका विद्यमान समस्या, चुनौती र विद्यमान समस्या तथा चुनौतीहरू यथावत रहेमा भविष्यमा आउन सक्ने थप समस्या, चुनौती र त्यसबाट अन्य क्षेत्रमा पर्नसक्ने प्रभावहरुको विश्लेषण ।

ग) -आवश्यक भए) उपयुक्त डिजाइन र लागत अनुमान तयार ।

घ) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार गर्नु पर्ने व्यवस्था -परियोजनाको अवधि, साझेदारीको प्रकार, लगानी, व्यवस्थापनलगायतका विषयहरुसहित), नगरपालिका, निजी क्षेत्र र अन्य क्षेत्रको भूमिका, जोखिम विश्लेषण र बाँडफाड तथा यस व्यवस्थाबाट प्राप्त हुने प्रमुख फाइदाहरुको पहिचान -संख्यात्मक र गुणात्मक दुबै) ।

ङ)  प्रस्तावित विकल्पको वित्तीय विश्लेषण/आर्थिक विश्लेषण
च)  .................. -आवश्यकता अनुसार कार्यहरु थप गर्ने)

## ४  अध्ययनकर्ता/परामर्शदाताका दायित्वहरू

अध्ययनकर्ता/परामर्शदाताका दायित्वहरू निम्नानुसार हुनेछन्ः

क )  बुँदा नं. ३ मा उल्लेख भएका कार्यहरू सम्पादन गर्ने क्रममा हेटौडा नगरपालिकाका निम्न शाखा र सा.नि.सा. एकाइ तथा निम्न सरोकारवालाहरूसँग छलफल गर्नु पर्नेछः

अ)  सार्वजनिक निजी साझेदारी एकाई,
आ)  ........
इ)  ........
इ)  ......
उ)  आवश्यक अन्य व्यक्ति तथा संस्थाहरु

ख)  अध्ययनकर्ता/परामर्शदाताले प्रस्ताव गरेको अध्ययन विधि र कार्ययोजनामा कुनै परिमार्जन वा थपघट आवश्यक छ भन्ने कुरा नगरपालिकालाई लागेमा सो बमोजिम अध्ययन विधिमा परिमार्जन वा थपघट गर्नु पर्नेछ ।
ग)  अध्ययनकर्ता/परामर्शदाताले अन्तिम प्रतिवेदन बुझाउनुभन्दा अगाडि मस्यौदा प्रतिवेदन बुझाउनु पर्नेछ ।
घ)  मस्यौदा प्रतिवेदनउपर भएको छलफलका आधारमा नगरपालिकाले दिएका सुझावहरूलाई ग्रहण गरी अन्तिम प्रतिवेदन बुझाउनु पर्नेछ ।
ङ)  अध्ययन/विश्लेषणको क्रममा नगरपालिकाले दिएका निर्देशनहरूलाई अध्ययनकर्ता/परामर्शदाताले पालन गर्नुपर्नेछ ।

## ५  प्रस्ताव मूल्याङ्कनका आधारहरु

अ)  अध्ययनकर्ता/परामर्शदाताले पेश गरेको प्रस्तावको मूल्याङ्कनको आधारहरू प्रस्तावकको प्राविधिक क्षमता र आर्थिक प्रस्ताव हुनेछन् ।
आ)  प्राविधिक क्षमताको मूल्याङ्कनको आधार निम्नानुसार हुनेछः
क)  प्रस्तावको सम्बन्धित क्षेत्रमा भएको संस्थागत अनुभव र
ख)  अध्ययनको लागि प्रस्तावित जनशक्तिको उपयुक्त सङ्ख्या, सम्बन्धित क्षेत्रको अनुभव र  शैक्षिक योग्यता
ग)  अध्ययन विधि र कार्ययोजना
घ)  फर्मको नाउमा रहेको बैंक मौज्दात
इ)  प्राविधिक क्षमताको मूल्याङ्कनबाट उत्कृष्ट ३ भित्र परेका प्रस्तावहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ र सोमध्ये सबभन्दा घटी अङ्कवाला आर्थिक प्रस्ताव छनौट गरिनेछ ।

## ६  समयावधि

यस अध्ययनको समावधि वढीमा ......... हुनेछ । आवश्यकता अनुसार उक्त समयावधिलाई नगरपालिकाले औचित्य हेरी बढाउन वा घटाउन सक्नेछ ।

## ७ भुक्तानी प्रक्रिया

क) संझौता-पत्रमा सही भएपछि ....... प्रतिशतले हुन आउने रकम तत्काल भुक्तान गरिनेछ ।
ख) मस्यौदा प्रतिवेदन प्राप्त भएपछि ........ प्रतिशत भुक्तानी दिइनेछ ।
ग) अन्तिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम भुक्तान गरिनेछ ।
घ) रकम भुक्तानी गर्दा लाग्ने अग्रिम कर कट्टा गरिनेछ ।

.....................

-नोटः प्रस्तुत तइच् एक सामान्य नमूना मात्र हो । परियोजनाको आवश्यकता अनुसार यसमा उल्लेखित कुनै पनि कुरालाई परिमार्जन गर्न वा थपघट गर्न सकिनेछ ।)

## अनुसूची २ ग
## -दफा ६-६) सँग सम्बन्धित)

....................... -परियोजनाको नाम उल्लेख गर्ने) को लागि गरिने -कस्तो खालको अध्ययन विश्लेषण गर्नु पर्ने हो सो उल्लेख गर्ने ) अध्ययनसम्बन्धी प्रस्ताव मूल्याङ्कनका आधारहरू

**(Proposal Evaluation Criteria)**

हेटौडा नगरपालिकामा व्यवस्थित रुपले ....................... -परियोजनाको नाम उल्लेख गर्ने) सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरुप ................-सञ्चालन, व्यवस्थापन वा अन्य के गर्ने हो सो उल्लेख गर्ने) गर्ने सम्बन्धमा गर्न लागिएको -कस्तो खालको अध्ययन विश्लेष्ण गर्नु पर्ने हो सो उल्लेख गर्ने ) अध्ययनको लागि गरिएको सार्वजनिक आव्हानबाट प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न नगरपालिकाको मिति ............ को बैठकले निम्नानुसारका मार्गदर्शन र मूल्याङ्कनका आधारहरु निर्धारण गरी लागू गरेको छ ।

क) प्रस्ताव मूल्याङ्कनका लागि सामान्य मार्गदर्शनहरु

१ प्रस्ताव मूल्याङ्कनका आधारहरू प्रस्तावकको प्राविधिक क्षमता र आर्थिक प्रस्ताव हुनेछन् ।
२ प्राविधिक क्षमताको मूल्याङ्कनमा अधिकतम अङ्क प्राप्त गर्ने तीन प्रस्तावकहरु मात्र अध्ययनको लागि योग्य मानिनेछ ।
३ प्राविधिक क्षमताको मूल्याङ्कनबाट योग्य देखिएका प्रस्तावहरूमध्ये सवैभन्दा घटीवाला आर्थिक प्रस्ताव स्वीकृत गर्नु पर्नेछ ।
४ प्राप्त सम्पुर्ण प्रस्तावकहरूको प्राविधिक क्षमताको मूल्याङ्कनको तुलनात्मक विवरण (Comparative Chart)

ख) प्राविधिक पक्षको मूल्याङ्कनका आधारहरु र अङ्कभार

१ प्राविधिक क्षमताको मूल्याङ्कनको लागि पुर्णाङ्क १०० हुनेछ ।
२ प्राविधिक क्षमताको मूल्याङ्कनका आधार र तिनको अङ्कभार निम्नानुसार हुनेछ ।

अ   अध्ययन अनुसन्धानसम्बन्धी संस्थागत अनुभवः यसको लागि अधिकतम अङ्कभार २० हुनेछ जसलाई निम्नानुसार प्रदान गरिनेछः

अ.१   सम्बन्धित क्षेत्रमा भएको अध्ययनको अनुभव -अधिकतम अङ्क २०

५ वर्षवा सोभन्दा बढीको अनुभव भए   २० अङ्क

३ देखि ४ वर्षो अनुभव भए   १६ अङ्क

१ देखि २ वर्षो अनुभव भए   १२ अङ्क

१ वर्षन्दा घटी अनुभव भए   ० अङ्क

अ.२   अन्य क्षेत्रमा भएको अध्ययन/अनुसन्धानसम्बन्धी अनुभव -अधिकतम अङ्क १५

५ वर्षवा सोभन्दा बढीको अनुभव भए   १५ अङ्क

३ देखि ४ वर्षो अनुभव भए   १२ अङ्क

१ देखि २ वर्षो अनुभव भए   ९ अङ्क

१ वर्षन्दा घटी अनुभव भए   ० अङ्क

अ.३   माथि उल्लेखित वाहेक अन्य कामको अनुभव   -अधिकतम अङ्क ५

५ वर्षवा सोभन्दा बढीको अनुभव भए   ५ अङ्क

३ देखि ४ वर्षो अनुभव भए   ४ अङ्क

१ देखि २ वर्षो अनुभव भए   ३ अङ्क

१ वर्षन्दा घटी अनुभव भए   ० अङ्क

-नोटः एक भन्दा बढी क्षेत्रमा अनुभव भएको भए सबै भन्दा बढी अङ्क प्राप्त गर्ने क्षेत्रको अनुभवमात्र गणना गर्नु पर्नेछ ।)

आ   प्रस्तावित जनशक्तिको दक्षता (Human Resource Capabilities)को सङ्ख्या, योग्यता र अनुभवको मूल्याङ्कन गरिनेछ जसको लागि अधिकतम अङ्कभार ६८ हुनेछ र त्यसलाई निम्नानुसार प्रदान गरिनेछः

आ.१   संलग्न जनशक्तिको सङ्ख्या  -अधिकतम अङ्क १५)

३ जनाभन्दा कम भए   ० अङ्क

३ देखि ४ जना भए   ९ अङ्क

५ देखि ६ जना भए   १२ अङ्क

६ जनाभन्दा बढी भए   १५ अङ्क

-नोटः तोकिएको अध्ययनको प्रकृति अनुसार जनशक्तिको संख्यालाई परिमार्जन गरी तोक्न सकिने छ)

आ.२   संलग्न जनशक्तिको योग्यता -अधिकतम अङ्क २५)

क) मुख्य व्यक्ति -टिम लिडर) को योग्यता -अधिकतम अङ्क १०)

-सम्बन्धित विषयमा स्नातकोत्तर वा सोभन्दा बढी उत्तीर्ण गरेको भए   -१० अङ्क

-अन्य विषयमा स्नातकोत्तर वा सोभन्दा बढी उत्तीर्ण गरेको भए -अङ्क ९

-सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरेको भए   -९ अङ्क

-अन्य विषयमा स्नातक उत्तीर्ण गरेको भए -६ अङ्क

ख) प्राविधिक जनशक्तिको योग्यता -अधिकतम अङ्क १०)
-चाहिएको प्राविधिक विषयमा स्नातकोत्तर वा सोभन्दा बढी उत्तीर्ण गरेको भए -१० अङ्क
- चाहिएको प्राविधिक विषयमा स्नातक उत्तीर्ण गरेको भए -६ अङ्क

ग) अन्य जनशक्तिको योग्यता -अधिकतम अङ्क ५ )
- स्नातकोत्तर वा सोभन्दा बढी उत्तीर्ण गरेको भए -५ अङ्क
- स्नातक उत्तीर्ण गरेको भए -३ अङ्क

-नोटः प्रस्तावकको प्रस्तावमा टिम लिडर/मूख्य व्यक्ति, प्राविधिक र अन्य जनशक्तिको स्पष्ट पहिचान नगरिएको भए रोल क्रमअनुसार पहिलो नम्बरमा उल्लेखित नाम टिम लिडरको भएको मान्नु पर्नेछ भने अन्य जनशक्तिको हकमा शैक्षिक योग्यताका आधारमा प्राविधिक र अन्य जनशक्तिको पहिचान गर्नु पर्नेछ । प्राविधिक जनशक्ति भन्नाले इन्जीनियरिङ्ग, विज्ञान, तथ्याङ्कशास्त्र र व्यवस्थापन -वित्तीय विश्लेषकको हकमा मात्र) विषय अध्ययन गरेका जनशक्तिलाई जनाउनेछ । )

आ.३ संलग्न जनशक्तिको अनुभव -अधिकतम अङ्क २८)

क) मुख्य व्यक्ति -टिम लिडर) को अनुभव -अधिकतम अङ्क १०)

सम्बन्धित क्षेत्रमा गरेको कार्य वा अध्ययन/अनुसन्धानको अनुभव

५ वर्षवा सोभन्दा बढीको अनुभव भए १० अङ्क
३ देखि ४ वर्षो अनुभव भए ८ अङ्क
१ देखि २ वर्षो अनुभव भए ६ अङ्क
१ वर्षन्दा घटी अनुभव भए ० अङ्क

-नोटः एक भन्दा बढी क्षेत्रमा अनुभव भएको भए सबै भन्दा बढी अङ्क प्राप्त गर्ने क्षेत्रको अनुभवमात्र गणना गर्नु पर्नेछ ।)

ख) प्राविधिक जनशक्तिको अनुभव -अधिकतम अङ्क १०)

५ वर्षवा सोभन्दा बढीको अनुभव भए १० अङ्क
३ देखि ४ वर्षो अनुभव भए ८ अङ्क
१ देखि २ वर्षो अनुभव भए ६ अङ्क
१ वर्षन्दा घटी अनुभव भए ० अङ्क

घ) अन्य जनशक्तिको अनुभव -अधिकतम अङ्क ८ )

५ वर्षवा सोभन्दा बढीको अनुभव भए ८ अङ्क
३ देखि ४ वर्षो अनुभव भए ६ अङ्क

१ देखि २ वर्षा अनुभव भए ५ अङ्क
१ वर्षन्दा घटी अनुभव भए ० अङ्क

इ संस्थाको वित्तीय क्षमताः संस्थाको वित्तीय क्षमता अन्तर्गत संस्थाको नाममा रहेको बैंक खातामा चालु आर्थिक वर्षा कायम हुन गएको न्यूनतम बैंक मौज्दातलाई आधार मानी मूल्याङ्कन गरिनेछ जसको लागि अधिकतम अङ्कभार ८ हुनेछ र त्यसलाई निम्नानुसार प्रदान गरिनेछः

रु. २ लाख भन्दा बढी न्यूनतम बैक मौज्दात भए ८ अङ्क
रु. १ लाखदेखि २ लाखसम्म न्यूनतम बैंक मौज्दात भए ७ अङ्क
रु. ५० हजारदेखि १ लाखसम्म न्यूनतम बैंक मौज्दात भए ५ अङ्क
रु. ५० हजारभन्दा घटी न्यूनतम बैंक मौज्दात भए ० अङ्क
इ अध्ययन विधि र कार्यतालिकाः कन्सल्टीङ्ग फर्मले प्रस्ताव गरेको अध्ययन विधि र कार्यतालिकाका लागि अधिकतम अङ्कभार क्रमशः २ र २ गरी जम्मा ४ अङ्क हुनेछ ।ः

..............................
-नोटः प्रस्तुत आधार एक सामान्य नमूना मात्र हो । परियोजनाको आवश्यकता अनुसार यसमा उल्लेखित कुनै पनि कुरालाई परिमार्जन वा थपघट गर्न सकिनेछ ।)

अनुसूची ३
-दफा ८-१) सँग सम्बन्धित)

हेटौडा नगरपालिका कार्यालय

वडा नं. ..... को ........मा -के कार्य गर्न खोजिएको हो सोको नाम उल्लेख गर्ने)... र्सार्वजनिक-निजी साझेदारीअर्न्तर्गत गर्ने सम्बन्धमा आयोजना गरिने

र्सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना

हेटौडा नगरपालिका वडा नं. ..... को .......मा -के कार्य गर्न खोजिएको हो सोको नाम उल्लेख गर्ने)... र्सार्वजनिक-निजी साझेदारीअर्न्तर्गत ...... -सेवा करार, व्यवस्थापन करार, लिज, निर्माण सञ्चालन हस्तान्तरण वा कुन ढाँचामा गर्न खोजेको हो सो उल्लेख गर्ने) मोडेलमा सञ्चालन गर्दा बढी उपयोगी हुने विभिन्न अध्ययन र छलफलबाट देखिएको हुनाले नगरपालिकाले सो कार्यका लागि तयारी गरिरहेको व्यहोरा सम्बद्ध सबैलाई जानकारी गराइन्छ । सो कार्य गर्नका लागि सम्बद्ध सबैको सुझाव र प्रतिवद्धता प्राप्त हुन सकोस भन्ने हेतुले सोसम्बन्धी र्सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा राखिएको हुनाले प्रस्तावित परियोजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष लाभ प्राप्त गर्ने पक्ष -संभव भए उल्लेख गर्ने), हानी पुग्ने पक्ष -सम्भव भए उल्लेख गर्ने) र सोसम्बन्धी विषयगत क्षेत्रमा क्रियाशील स्थानीय क्लव, संस्था, गैरसरकारी संस्था र प्रवुद्ध वर्गलाई उक्त कार्यक्रममा सहभागी भै आफ्ना अमूल्य सुझावहरु प्रस्तुत गरिदिनु हुन हार्दिक अनुरोध गरिएको छ ।

र्सार्वजनिक सुनुवाई हुने

मितिः.........
स्थान..........
समयः..........
यससम्बन्धी थप जानकारीको लागि र्सार्वजनिक निजी साझेदारी एकाइमा कार्यालय समयभित्र फोन नं. ............. मा सर्म्पर्क राख्न सकिनेछ ।

..................
कार्यकारी अधिकृत